आज मिति २०७७।३।२३ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारी श्री योगेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषदको निर्णयानुसार) कोभिड -१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित जिल्लागत Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

प्रमुख जिल्ला अधिकारी - श्री योगेन्द्र प्रसाद पाण्डे - अध्यक्ष
जिल्ला समन्वय अधिकारी - डिगवहादुर कार्की - सदस्य
सहायक प्रमुख जिल्ला अधिकारी - श्री ऋद्धि प्रकाश सिटौला - सदस्य
प्रमुख सेनानी - श्री विजय थापा - सदस्य
प्रहरी नायव उपरिक्षक - श्री श्याम ब० खाती - सदस्य
सशस्त्र प्रहरी नायव उपरीक्षक - श्री गोपीकृष्ण भट्टराई - सदस्य
प्रमुख अनुसन्धान अधिकृत - श्री हेमन्त चौधरी - सदस्य
मे.सु., सिन्धुली अस्पताल - श्री लक्ष्मण खडका - सदस्य
जनस्वास्थ्य अधिकृत - श्री जितेन्द्र शाह - सदस्य
सभापती, नेपाल रेडक्रस सोसाइटी, सिन्धुली- श्री अशोक श्रेष्ठ - सदस्य

## सल्लाहकार

नगर प्रमुख क.न.पा. नगरपालिका राष्ट्रिय महासंघ, केन्द्रिय सदस्य - श्री खड्ग बहादुर खत्री

## आमन्त्रित

सिन्धुली अस्पताल विकास समिति अध्यक्ष, - श्री प्रलाद प्रसाद पोखरेल

## निर्णयहरु:

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथामका लागि नेपाल सरकारबाट जारी बन्दाबन्दीको अवस्थामा नागरिकहरुको जीवनयापनलाई सहज बनाउन विगतमा विभिन्न निर्णयहरु भएका छन् । जारी बन्दाबन्दीको अवस्थामा नागरिक तथा सेवाग्राहीहरुले व्यक्तिगत सुरक्षाका मापदण्ड पालना नगरेको, न्यूनतम २ मिटरको सामाजिक दुरी कायम गरी मास्क र स्यानिटाइजरको प्रयोग नगरेको पाइएकोले कोभिड-१९ को संक्रमण जोखिम बढ्दै जाने सम्भावना देखिएको छ । अत: सेवाग्राही जम्मा हुने कार्यालयहरु तथा अन्य व्यापारिक स्थानहरुमा व्यक्तिगत सुरक्षाका मापदण्डहरु पुर्णरुपमा पालना गर्न गराउन, त्यस्ता भिडभाड हुने ठाउँहरुमा नजान र जानै परे अनिवार्य रुपमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्न सम्पूर्ण जिल्लाबासी दाजुभाइ दिदीबहिनीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. सबै सरकारी तथा गैरसरकारी कार्यालय तथा संघ संस्थाले मास्क प्रयोग नगरेका सेवाग्राहीलाई कार्यालय प्रवेश बिन्दुमानै अनिवार्य रुपमा रोक लगाई भित्र प्रवेश गर्न नदिने व्यवस्था अपनाउन सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुलाई जिल्ला प्रशासन कार्यालयले परिपत्र गर्ने ।

३. व्यक्तिगत सुरक्षाका मापदण्ड पालना नगरी वा मास्क प्रयोग नगरी घरबाहिर निस्कने उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक सुरक्षा निकायहरुले कारबाही गर्ने ।

४. नेपाल सरकार गृह मन्त्रालय, आन्तरिक प्रशासन तथा सभा समारोह व्यवस्थापन शाखाको पत्र संख्या आ.प्र.स.स.व्य.०७६/०७७ च.नं. ६६६ मिति २०७७/३/२२ को पत्रबाट लेखि आएको सवारी पास व्यवस्थित गर्ने विषयको परिपत्रमा उल्लेख भए बमोजिम सवारी पास चेकजाँचको व्यवस्थालाई आज मिति २०७७/३/२३ गते देखि नै कडाईका साथ कार्यान्वयन गर्ने । यस व्यवस्थाको कार्यान्वयन गर्ने सम्बन्धमा सिन्धुली जिल्लाको प्रवेश विन्दु वि.पि. राजमार्गको चुरे क्षेत्र र प्रस्थान विन्दु (Exit Point) नेपालथोकमा नेपाल प्रहरीबाट चेकजाँचको व्यवस्था मिलाउने ।

५. मिति २०७७/३/२२ गते पाटनस्थित पाटन अस्पतालमा उपचारको सिलसिलामा रहेकी सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ८ बागमाराकी ६० वर्षिया महिलामा कोरोना भाईरस पोजेटिभ देखिएको हुँदा प्रारम्भिक रुपमा हिजो मिति २०७७/३/२२ गते नै Contract Tracing गरी सकिएको छ । निज महिलाको घर भएको स्थानमा करीब १२ घर अन्य पनि रहेको हुँदा सो स्थानका सम्पूर्ण बासिन्दाहरुलाई अन्य स्थानमा रहेका समुदायसँगको सम्पर्कमा आउन नदिई कोभिड-१९ को स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गराउन सुरक्षाकर्मी अस्पताल र स्वास्थ्य कार्यालयले आवश्यक पर्ने सबै उपाय अपनाउने निर्णय गरियो ।